# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च.नं.: ३३५०

मितिः २०७८/०२/१८

**विषय : निर्णय कार्यान्वयन गर्ने बारे ।**

श्री वडा कार्यालयहरु १ देखि ८ सबै,
शाहाहरु सबै,
सुनिलस्मृति गाउँपालिका ।

प्रस्तुत विषयमा मिति २०७८ जेष्ठ १८ गते बसेको ११ औं कार्यपालिका वैठकको निर्णय तहाँको जानकारी तथा कार्यान्वयनको लागि यसैसाथ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..........................
(केशवराज पार्धे)
प्रमुख प्रशासकीय अधिकृत

# एघारौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) कार्यविधि स्वीकृत सम्बन्धमा ।
२) कल्याणकारी कोष बाँडफाँड सम्बन्धमा ।
३) कक्षा थप अनुमती सम्बन्धमा ।
४) आन्तरीक मूल्याङ्कन तथा परिक्षा सम्बन्धमा ।
५) गाउँसभा तयारी सम्बन्धमा ।
६) विविध छलफल सम्बन्धमा ।

## २०७८ जेष्ठ १८ गते बसेको एघारौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | कार्यविधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु तयार भई पेश हुन आएका विभिन्न कार्यविधिहरु पारित गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने सुनिलस्मृति गाउँपालिकाका उत्कृष्ट कृषकलाई पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८, उपाध्यक्ष छात्रवृत्ति कार्यविधि-२०७८ र विद्यालय स्तरीय अन्तिम परीक्षा (कक्षा १-९) को विद्यार्थी मुल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ लाई पारित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कल्याणकारी कोष बाँडफाँड सम्बन्धमा । | शिक्षा कल्याणकारी कोष रकम बाँडफाँड गर्न आवश्यक देखिएको । | यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत नीजि शिक्षकहरुलाई सेवा सुविधा उपलब्ध गराउन आवश्यक रहेको हुदाँ अनुसूची-१ बमोजिमका आधारमा रहि विद्यालयहरुमा रकम उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | कक्षा थप अनुमती सम्बन्धमा । | श्री बालबोध आधारभूत विद्यालय वडा नं. ५ काभ्राले विद्यालय कक्षा थपका लागी अनुमति माग गरेको । | श्री बालबोध आधारभूत विद्यालय वडा नं. ५ काभ्राको प.सं. २०७७/०७८, च.नं. ३४, मिति २०७७/०९/२८ को कक्षा थप (कक्षा ७) को अनुमति पाउँ भनि यस गाउँपालिकामा अनुमति माग गरेको हुदाँ उक्त विद्यालयलाई कक्षा ७ थप गर्न आवश्यक देखिएको हुदाँ अनुमति प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | आन्तरीक मूल्याङ्कन तथा परिक्षा सम्बन्धमा । | विद्यालय स्तरीय अन्तिम परीक्षा मुल्याङ्कन, नतिजा प्रकाशन गर्न आवश्यक देखिएको । | शैक्षिक सत्र २०७७ को आन्तरीक मूल्याङ्कन तथा परीक्षा सञ्चालनका लागि विद्यालय स्तरीय अन्तिम परीक्षा (कक्षा १-९) को विद्यार्थी मुल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ बमोजिम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | गाउँसभा तयारी सम्बन्धमा । | यस गाउँपालिकाको दशौं गाउँसभा तयारी गर्न आवश्कय रहेको । | संघीय सरकारबाट प्राप्त बजेट सिलिङ बारेमा कार्यपालिकालाई जानकारी गराउनुका साथै दशौं गाउँसभा समयमै सम्पन्न गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा । | **क)** चालु आ.व.मा स्वीकृत कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु कोभिड-१९ ले गर्दा कार्यान्वयन हुन नसक्ने देखिएको र कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि प्रयाप्त बजेट नभएको हुदाँ अनुसूची-२ बमोजिमको कार्यक्रमहरुलाई रकमान्तर गरि विपत व्यवस्थापन कोष शिर्षकमा रकमान्तर गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि गरिएका क्रियाकलापहरुमा खर्च गर्न आवश्यक रहेको । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

सुनिलस्मृति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनि प्रदेश, नेपाल

अनुसूची-१

सुनिलस्मृति गाउपालिकाको गाउ शिक्षा नियमावली २०७४ को परिच्छेद ५ नियम ३२ को उपनियम १ (च) मा "*विद्यालयले आफ्नो स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकेको तलवस्केलमा नघटाई तलव भत्ता दिन सकिने छ सोको लागि गाउपालिका स्तरीय कल्याणकारीकोषको व्यवस्थागर्न सकिने छ*" भन्ने व्यवस्था रहेको सोही अनुसार विगतका आ.व.हरुमा पनि वजेटको व्यवस्था गरी निश्चित मापदण्ड कार्यपालिकाबाट स्विकृत गराई विद्यालयको खातामा निकासा गरिदै आएको अवस्था छ ।

गाउँपालिकाको कल्याणकारी कोषको जम्मा रु ३०००००। (अक्षेरेपी तिस लाख रुपैयाँ मात्र) सम्बन्धित विद्यालयको खातामा अनुदान प्रदान गर्ने ।

१. गाउँपालिकामा भएको निजि शिक्षकहरुको विवरणअनुसार तहगतरुपले प्रति शिक्षक बढिमा ४ जनाको लागी न्यूनतम तलवको २ महिनाको बराबर हुने रकम निकासा गर्ने ।

२. विगतमा केन्द्रबाट अनुदान पाउने गरी परीक्षा लिएर नियुक्त शिक्षकको नियुक्ति र अन्य प्रमाणको आधारमा प्रति शिक्षक ३ महिना बरावरले हुन आउने रकम ।

सुनिलस्मृति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनि प्रदेश, नेपाल

अनुसूची-२

| क्र.सं. | खर्च शीर्षक | कार्यक्रमको नाम | बजेट रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | २२५२२ | सम्पति कर व्यवस्थापन र लगत संकलन | ५०० | |
| २ | २२५२२ | बालमैत्री स्थानीय शासन कार्यक्रम | ६०० | |
| ३ | २२५२२ | मेलमिलापकर्ता तालिम | ६०० | |
| ४ | २२६१२ | अध्ययन अवलोकन भ्रमण | ७०० | |
| ५ | २२५२२ | लैङ्गिक तथा समावेशी बजेट तर्जुमा सम्बन्धी तालिम | १०० | |
| जम्मा | | | २५०० | |

प्रमुख प्रशासकीय अधिकृत